ABMS & Associates
Chartered Accountants
(A Member Firm of IAPA International)

IAPA INTERNATIONAL
Global Support Local Knowledge

च.नं. ८५/२०७२-७३

श्री १ लेखा/प्रशासन/प्रशासन कार्यालय

मिति: २०७२/०९/२०

श्रीमान कार्यकारी अधिकृत ज्यू,
भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन

**विषय: स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन पेश गर्ने बारेमा**

महोदय,
उपरोक्त सम्बन्धमा यस उप-महानगरपालिका कार्यालयको आ.ब. २०७१/७२ को अन्तिम लेखापरीक्षण गर्न हामीलाई तोकीए बमोजिम उक्त आ.ब. को स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन संलग्न गरि पेश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन
दर्ता नम्बर: ३९९८९
मिति: ९।२२

ABMS & Associates Chartered Accountants Firm No. 367

सिए. अरुण लुइटेल
साझेदार

## स्वतन्त्र लेखापरीक्षणको प्रतिवेदन

**श्री भरतपुर उप-महानगरपालिका परिषद सदस्य ज्यूहरु**
भरतपुर उप-महानगरपालिका कार्यालय,
भरतपुर, चितवन

हामीले भरतपुर उप-महानगरपालिका कार्यालयको आर्थिक वर्ष २०७१/७२ कोबार्षिक आर्थिक विवरण, जस अन्तर्गत मिति २०७२ अषाढ ३१ मा समाप्त भएको वासलात एवं सोहि मितिमा समाप्त भएको आ.व.को आय विवरण, अनुसूचीहरु तत्सम्बन्धी प्रमुख लेखा नीति तथा लेखा टिप्पणी समावेश छन्, को लेखापरीक्षण सम्पन्न गरेका छौ।

### आर्थिक विवरण उपर व्यवस्थापनको जिम्मेवारी

प्रचलित कानुन व्यवस्था, लेखामान वा सान्दर्भिक प्रचलित लेखा प्रचलन बमोजिम आर्थिक विवरण तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु उप-महानगरपालिकाको जिम्मेवारी हो।यस जिम्मेवारी अन्तर्गत आर्थिक विवरण गलत आँकडा, जालसाजी वा त्रुटिको कारण रहित छ भनि तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने ,उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्य पर्दछन्।

### लेखापरीक्षकको जिम्मेवारी

आर्थिक विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो राय ब्यक्त गर्नु हाम्रो उत्तरदयित्व हो। हामीले नेपाललेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौ। यी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरणहरु गलत आँकडा रहित छ भनि विश्वस्त हुन हामीले ब्यवसायिक नैतिक मूल्य मान्यताको पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण गर्नुपर्दछ।

आर्थिक विवारणमा उल्लेखित रकम र खुलाएका अन्य विवरणलाई पुष्टयाई गर्ने प्रमाणको नमुना(छड्के) लेखापरीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। उप-महानगरपालिका कार्यालयले अबलम्वन गरेका लेखा नीति, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं आर्थिक विवरण प्रस्तुतिका समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

हामीले प्राप्त गरेको प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमातल उल्लेखित कैफियत बाहेक पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ।

ABMS & Associates Firm No. 367 Chartered Accountants

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

**क.** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११(१) बमोजिम उप-महानगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणाली- डबल इन्ट्री सिस्टमको सिधातमा आधारित प्रोदभावि प्रणालीमा राख्नुपर्ने व्यवस्था भएता पनि नगरपालिकाको लेखा मिश्रीत प्रणालीमा राखिएको अवस्था छ|

**ख.** उप-महानगरपालिकाको कर्मचारीहरु अवकाश प्राप्त हुदाको बखतमा पाउने उपदान, उपचार खर्च, संचित विदा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८(१) को प्रावधान अनुसार करकट्टी गरि भुक्तानी दिनुपर्ने व्यवस्था भएता पनि करकट्टी गरेको छैन|(प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ४०)

**ग.** भुक्तानी गर्दा आयकर ऐन २०५८ बमोजिम कर कट्टी नगरी भुक्तानी गरेको अवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. २७, ३९)

**घ.** वासलातको दायित्वमा धरौटी खातामा रकम रु१०,७९९,४९४.५५ देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु ११,७३०,२७०.५५ मात्र देखिएको छ| फरक रकम रु ९३०,७७६.०० भिडान नभएको अवस्था छ|(प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ६०)

**ङ.** भरतपूर उप-महानगरपालिकाकोलेखा शाखाबाट प्राप्त भएकोआम्दानी रु १६२,५९४,९७१.२० र राजस्व शाखाबाट प्राप्त भएको अन्तरिकआम्दानी  रु १६१,८६४५५३.४८एक आपसमा फरक परेको र फरक रु ७३०,४१७.७२  एकिन गर्न नसकिएकोअवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ६१)

**च.** बजेट खर्च जुन शिर्षकसंग सम्बन्धित छ त्यहि शिर्षकमा चढाउनु पर्नेमा गलत बजेट खर्च शिर्षकमा चढाएको अवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ६)

**छ.** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को कार्यविधि दफा ४७ बमोजिम नेपाल सरकारबाट निकासा भएको सबै नि: शर्त, सशर्त, पूजीगत तथा चालु अनुदान रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगाडि नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने भएकोमा नेपाल सरकारबाट प्राप्त अनुदानको वास्तविक खर्चको रेकर्ड  उपलब्ध हुन नसकेको कारणले फ्रिज गर्नु पर्ने वास्तविक रकम एकिन हुननसकेको अवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ५३)

**ज.** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३९(१४) अनुसार उप-महानगरपालिकाले जेष्ठ मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न,रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यन्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था भएता पनि पेश्की दिएको पाइयो| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. १२)

**झ.** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अन्तर्गत उपभोक्ता समितिलाई एक तिहाई रकम सम्म पेश्कीदिन सकिने भनिएता पनि बढी पेश्की दिएको अवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. १४)

ABMS& Associates Firm No. 362 Chartered Accountants

ञ. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अन्तर्गत अघिल्लो पेश्की फर्छ्यौट नभई उपभोक्ता समितिलाई पुन: पेश्की उपलब्ध गराएको पाइयो | (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ५)

ट. स्थानीय स्वायत्त शासन नियमावली २०५६ को २६५(२) अनुसार कर्मचारी कल्याण कोषबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिईनेछ भनिएता पनि कर्मचारी कल्याण कोषबाट उपदान बाहेक बिदा रकम, बिशेष सुबिधा ,उपचार खर्च भुक्तानी गरेको अवस्था छ |(प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ४१)

ठ. उप-महानगरपालिकाले दिएको पेश्की रकमस्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ र १९० अनुसार फर्छ्यौट तथा असुल उपर गरेको पाइएन|(प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ४२)

ड. अनुदान शीर्षक(अनुसूची ७) अन्तर्गत राखिएको बिबिध आय रकम रु ५,४७६,९९०.७९ एकिन हुन नसकेको अवस्था छ |

ढ. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली को नियम ३४ अनुसार प्रशासनिक खर्च तोकिएको सिमा भन्दा बढी गरेको अवस्था छ| (प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. ६३)

ण. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली को नियम २२ अनुसार उप-महानगरपालिकाको नाममा प्राप्त हुने सबै प्रकारको आम्दानी नगरपालिकाको खाता ग-४-३/०३ खातामा राखिएको छ|(प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन बुँदा नं. २९)

त. लेखापरीक्षणको सिलसिलामा प्राप्त श्रेस्ताहरुको आधारमा व्यवस्थापनले सुधार्नु पर्ने तथा उल्लेखित विविध ऐनहरुको अधिनमा रही कार्यन्वयन गर्नु पर्ने बेहोरा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा समावेस गरिएको छ साथै असुल उपर गर्नु पर्ने रकम हरु यथाशिघ्र असुल उपर गर्नुपर्ने देखिनछ|

**लेखापरीक्षकको राय**

हाम्रो रायमा माथिको बुँदा (क) देखि (त) सम्म र प्रमुख लेखा नीति बुँदा नं. २ (क) देखि (ज) सम्मका बिषयले आर्थिक विवरणमा पार्ने असर बाहेक, आर्थिक विवरणले भरतपुर उप-महानगरपालिका कार्यालको आषाढ मसान्त,२०७२ को आर्थिक स्थिति र सो अवधिमा समाप्त भएको संचालन नतिजा, अनुसूचीहरु एवं सान्दर्भिक लेखा नीति अनुसार सारभूत सन्दर्भमा उचित पुर्वक चित्रण गरेको छ|

ABMS & Associates
Firm No. 367
Chartered Accountants

सिए. अरुण लुइटेल
साझेदार
स्थान : भरतपुर ,चितवन
मिति : २०७२|०९|२०

# भरतपुर उप महानगरपालिका कार्यालय

भरतपुर, चितवन

## वासलात

२०७२ आषाढ मसान्तको

*रकम ने. रु. मा*

| विवरण | अनसुची | २०७२ आषाढ मसान्त | २०७१ आषाढ मसान्त |
| --- | --- | --- | --- |
| **सम्पति** | | | |
| स्थायी सम्पति | | - | - |
| **दीर्घकालिन सम्पति** | | | |
| कोष सम्पति | १ | २३,४८८,१८२।३१ | २१,४९५,२७८।३५ |
| सापटी (शहरी स्वास्थ्य क्लिनिक खाता) | | १३०,०००।०० | - |
| **चालु सम्पति** | | | |
| मौज्दात | | - | - |
| धरौटी सम्पति | २ | १०,७९९,४९४।५५ | ७,९२१,१७०।७६ |
| बैंक मौज्दात | ३ | ५६,१८३,४५०।४४ | १४,१८२,४५८।३१ |
| नगद मौज्दात | | ७८५,०४३।०० | ४७४,५८९।४७ |
| जम्मा | | ९१,३८६,१७०।३० | ४४,०७३,४९६।८९ |
| **चालु दायित्व** | | | |
| धरौटी दायित्व | २ | १०,७९९,४९४।५५ | ७,९२१,१७०।७६ |
| भुक्तानी योग्य खाता | | - | - |
| **दीर्घकालिन दायित्व** | | | |
| कोष दायित्व | ४ | २३,४८८,१८२।३१ | २१,४९५,२७८।३५ |
| **बचत कोष तथा प्रावधान** | | | |
| बचत तथा प्रावधान | ५ | ५७,०९८,४९३।४४ | १४,६५७,०४७।७८ |
| जम्मा | | ९१,३८६,१७०।३० | ४४,०७३,४९६।८९ |

अनुसुची १ देखि ११ सम्म यस विवरणका अभिन्न अंग हुन ।

फछ्र्यौट हुन वाकी पेश्की मास्केवारी अनुसुची १२

प्रमुख लेखा निती तथा लेखा सम्वन्धि टिप्पणीहरु अनुसुची १३

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| ले.पा. | लेखा अधिकृत | प्रमुख र कार्यकारी अधिकृत | लेखापरीक्षक |
| --- | --- | --- | --- |

लेखापाल

कार्यकारी अधिकृत

ABMS& Associates Firm No. 367 Chartered Accountants

# भरतपुर उप महानगरपालिका कार्यालय

भरतपुर, चितवन

## आय विवरण

२०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्त सम्मको

*रकम ने. रु. मा*

| विवरण | अनुसुची | २०७२ आषाढ मसान्त | २०७१ आषाढ मसान्त |
|---|---|---|---|
| **आम्दानी** | | | |
| मालपोत कर तथा शुल्क आम्दानीहरु | ६ | १३९,७६४,९५२।५३ | १०२,००२,५६५।६५ |
| अनुदान | ७ | ३३८,३८५,७८८।५२ | २०२,७१६,६९३।८९ |
| अन्य आम्दानी | ८ | १२,४७०,००२।४७ | ८४१,८७४।१७ |
| **जम्मा** | | ४९०,६२०,७४३।५२ | ३०५,५६१,१३३।७१ |
| **खर्चहरु** | | | |
| आयोजना खर्चहरु | ९ | २८५,४४५,९९३।७७ | १८८,६२०,५५९।३१ |
| तलव तथा सुबिधा | १० | ६१,१४६,८८७।८० | ५१,५७१,९९८।४९ |
| कार्यालय संचालन खर्च | | ५,९८१,५२३।०१ | ४,३५७,०४९।२१ |
| अन्य खर्च | ११ | ८७,१३८,७२३।९७ | ४१,०६६,४१०।१८ |
| व्याज खर्च | | ८,४६६,१६९।३१ | ९,१६७,०००।०० |
| ह्रास कट्टि | | - | - |
| **जम्मा** | | ४४८,१७९,२९७।८६ | २९४,७८३,०१७।१९ |
| **वचत तथा न्यून** | | ४२,४४१,४४५।६६ | १०,७७८,११६।५२ |

अनुसुची १ देखि ११ सम्म यस विवरणका अभिन्न अंग हुन ।

फछ्र्यौट हुन वाकी पेश्की मास्केवारी अनुसुची १२

प्रमुख लेखा निती तथा लेखा सम्वन्धि टिप्पणीहरु अनुसुची १३

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| ले. पा. | लेखा अधिकृत | प्रमुख / कार्यकारी अधिकृत | लेखापरीक्षक |
|---|---|---|---|
| लेखापाल | | कार्यकारी अधिकृत | ABMS & Associates Firm No. 367 Chartered Accountants |

# भरतपुर उप महानगरपालिका कार्यालय

भरतपुर, चितवन

२०७२ आषाढ मसान्तको

*रकम ने. रु. मा*

अनुसुची १ कोष सम्पति

| विवरण | २०७२ आषाढ मसान्त | २०७१ आषाढ मसान्त |
|---|---|---|
| प्रतिभा प्रोत्साहन कोष | १००,०००।०० | १००,०००।०० |
| परिवार शिक्षा प्रोत्साहन कोष | १००,०००।०० | १००,०००।०० |
| गाउनगर साझेदारी कोष | ७,३१०,२५३।५४ | ७,०९५,३६८।४८ |
| मर्मत संभार कोष | १०,००३,७२७।०५ | ९,७६९,५९९।५० |
| रा.वा.वै. खाता.न. ७९ | ८,५०८।१३ | ८,५०८।१३ |
| रा.वा.वै. खाता.न. ३७३० | ३,०००।०० | ३,०००।०० |
| कर्मचारी कल्याण कोष | ३,३९७,५३९।४७ | ९५,६१५।१२ |
| वातावरण संरक्षण व्यवस्थापन कोष भ.न पा खाता नं. ६२४० | ५०,०००।०० | ५०,०००।०० |
| विपद व्यवस्थापन कोष भ न पा ६२४१ | १,४४५,०००।०० | ५०,०००।०० |
| बालमैत्री स्थानीय शासन तथा व्यवस्थापन कोष भ.न.पा. खाता नं. ६२४२ | ७३९,९५०।०० | १०,०००।०० |
| सामाजिक सुरक्षा कोष | ३३०,२०४।१२ | ४,२१३,१८७।१२ |
| जम्मा | २३,४८८,१८२।३१ | २१,४९५,२७८।३५ |

लेखापाल

कार्यकारी अधिकृत

ABMS Associates Firm No. 367 Chartered Accountants